# प्रदेश भाडा निर्धारण/समायोजन तथा विद्युतीय माध्यमबाट भाडा भुक्तानी नियमावली, २०७८

बागमती प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

हेटौंडा, नेपाल।

# प्रदेश भाडा निर्धारण/समायोजन तथा विद्युतीय माध्यमबाट भाडा भुक्तानी नियमावली, २०७८

प्रदेश राजपत्रमा प्रकाशित मिति

२०७८।०५।१०

प्रदेशभित्र सञ्चालित यात्रुवाहक तथा मालवाहक सार्वजनिक यातायात सेवा सञ्चालनको लागि तोकिएको रुटहरुमा समय सापेक्ष भाडादर निर्धारण/समायोजन गर्न तथा सार्वजनिक सवारी सञ्चालनमा टिकटको व्यवस्था, अनलाइन विधिबाट टिकट खरिद बिक्रीको साथै विद्युतीय भुक्तानी गरी सहज, सुलभ, पहुँच योग्य, प्रविधि मैत्री तथा प्रभावकारी सेवा प्रवाह गर्न प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ को दफा २२१ ले दिएको अधिकार प्रयोग गरी बागमती प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "प्रदेश भाडा निर्धारण/समायोजन तथा विद्युतीय माध्यमबाट भाडा भुक्तानी नियमावली, २०७८" रहेको छ।

(२) यो नियमावली प्रदेश राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ सम्झनु पर्छ।

(ख) "कार्यालय" भन्नाले यातायात व्यवस्था कार्यालय सम्झनु पर्छ र सो शब्दले यातायात व्यवस्था सेवा

आन्तरिक मामिला तथा कानून मन्त्रालय

कार्यालय र ऐन बमोजिमका यातायात व्यवस्थापन सम्बन्धी कार्य गर्ने अन्य कार्यालयलाई समेत जनाउँछ।

(ग) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ।

(घ) "भाडा" भन्नाले सार्वजनिक सवारीले यातायात सेवा प्रदान गरे बापत लिने रकम वा शुल्क सम्झनु पर्छ।

(ङ) "मन्त्रालय" भन्नाले भौतिक पूर्वाधार विकास मन्त्रालय सम्झनु पर्छ।

(च) "यात्री" भन्नाले सार्वजनिक यात्रुवाहक सवारीबाट यात्रा गर्ने व्यक्ति सम्झनु पर्छ।

(छ) "विद्युतीय टिकट" भन्नाले यात्रुले सार्वजनिक सवारी साधन प्रयोग गर्न तिरेको भाडा भुक्तानीको निस्सा सम्झनु पर्छ र सो शब्दले विद्युतीय माध्यमबाट प्राप्त हुने निस्सालाई समेत जनाउँछ।

(ज) "विद्युतीय भुक्तानी प्रणाली" भन्नाले यात्रुवाहक सवारी साधनमा यात्रा गरे बापत यात्रुले वा मालवाहक सवारी प्रयोग गरे बापत तिर्नुपर्ने भाडा विद्युतीय माध्यमबाट नगद रहित भुक्तानीको लागि विकास गरिएको प्रणालीलाई सम्झनु पर्छ र सो शब्दले मोबाइल एप्स, कम्प्युटर, स्मार्ट कार्ड तथा अन्य विधुतीय प्रविधि प्रयोग गरी अनलाइन टिकट खरिद बिक्री गर्न वा भाडा तिर्न विकास गरिएको नगद रहित (क्यासलेस) प्रणालीलाई समेत जनाउँछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(झ) "समिति" भन्नाले नियम ४ को उपनियम (१) बमोजिम गठित भाडा निर्धारण/समायोजन सिफारिस समिति सम्झनु पर्छ।

३. **यस नियमावलीको प्रयोगः** प्रदेशभित्र सञ्चालित यात्रीवाहक तथा मालवाहक सार्वजनिक यातायात सेवाले यस नियमावलीको अधिनमा रही मन्त्रालयले तोके बमोजिमको भाडा दरमा भाडा लिन, सेवा सञ्चालन, टिकट व्यवस्थापन र विद्युतीय टिकट खरिद बिक्री गर्नु पर्नेछ।

४. **भाडा निर्धारण/समायोजन सिफारिस समितिको गठनः** (१) सार्वजनिक सवारीको सञ्चालनमा प्रभाव पार्ने तत्वहरु पेट्रोलियम पदार्थ, पार्टपुर्जा, श्रम, ज्याला लगायतका बजार मूल्यमा उल्लेखनीय उतारचढाव भएको देखिएमा वा मन्त्रालयले भाडा समायोजन गर्न उपयुक्त देखेमा मन्त्रालयले देहाय बमोजिमको भाडा निर्धारण/समायोजन सिफारिस समिति गठन गर्नेछः-

(क) महाशाखा प्रमुख, (प्रादेशिक सडक तथा यातायात हेर्ने) मन्त्रालय -संयोजक

(ख) प्रतिनिधि (अधिकृतस्तर), मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(ग) प्रतिनिधि (अधिकृतस्तर), आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य

(घ) प्रतिनिधि (अधिकृतस्तर), आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(ङ) यातायात व्यवस्था कार्यालय वा सेवा

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(च) कार्यालयहरु मध्येबाट मन्त्रालयले तोकेको कार्यालय प्रमुख एक जना -सदस्य

(छ) मन्त्रालयले तोकेको मेकानिकल इन्जिनियर (मन्त्रालय वा अन्तर्गत) -सदस्य

(ज) शाखा प्रमुख (यातायात हेर्ने), मन्त्रालय -सदस्य-सचिव

(२) उपनियम (१) बमोजिमको समितिले सार्वजनिक सवारीको भाडादर समायोजन गर्नका लागि सोसँग सम्बन्धित सरोकारवाला यातायात व्यवसायी, यातायात क्षेत्रका विज्ञ, उपभोक्ता समूह लगायतका प्रतिनिधिहरुलाई आवश्यकता अनुसार आमन्त्रण गर्न सक्नेछ।

(३) उपनियम (१) बमोजिम गठित समितिले पेट्रोलियम पदार्थमा भएको मूल्यको परिवर्तन, भाडादरका अन्य सूचकहरुमा भएको परिवर्तनलाई आधार मानी सोको बजार अध्ययन तथा विश्लेषण गरी सिफारिश सहितको प्रतिवेदन दिनु पर्नेछ।

(४) उपनियम (१) बमोजिमको समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

**५. <u>भाडा निर्धारण/समायोजनका आधारः</u>** (१) समितिले देहायका सूचकहरुलाई आधार लिई भाडादर निर्धारण तथा समायोजनका लागि सिफारिश गर्न सक्नेछः-

(क) सार्वजनिक सवारी साधनको (बजार सर्वेक्षणबाट विवरण लिई) बुक भ्यालु,

(ख) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहहरुलाई बुझाउनुपर्ने राजश्व तथा दस्तुरहरु,

(ग) सम्बन्धित व्यवसायीले कर कार्यालयमा बुझाएको विवरण,

(घ) सवारीको बिमा बापतको रकम,

(ङ) सार्वजनिक सवारीमा काम गर्ने कामदारको ज्याला, तलब लगायतका प्रशासनिक खर्च,

(च) इन्धन खर्च तथा ब्याट्री, टायर, लुब्रिकेन्ट पार्टपुर्जा लगायतका (प्रचलित बजार मूल्यको आधारमा) सञ्चालन सम्बन्धी खर्च,

(छ) सवारीको मर्मत सम्बन्धी खर्चहरु (प्रचलित बजार मूल्यको आधारमा),

(ज) ह्रासकट्टी (आयकर ऐन, २०५८ बमोजिम),

(झ) कर्जामा लाग्ने बैंक ब्याजदर लगायतका अन्य ओभरहेड खर्चहरु (सम्बन्धित व्यवसायीले तिरेको यथार्थ रकम तथा कर कार्यालयमा बुझाएको विवरणको आधारमा),

(ञ) सवारी सञ्चालन गरे बापत सञ्चालकले पाउनुपर्ने न्यूनतम मुनाफा,

(ट) समितिले मनासिव ठहर गरेका अन्य आधारहरु।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उल्लिखित भाडादर निर्धारण तथा समायोजनका आधारहरुको अलावा विद्युतीय सार्वजनिक सवारी साधनको सञ्चालनबाट पुग्ने वातावरणीय

आन्तरिक मामिला तथा कानून मन्त्रालय

तथा अन्य फाइदाहरु समेतलाई थप आधार बनाएर समितिले विद्युतीय सार्वजनिक सवारी साधनहरुको लागि छुट्टै भाडादर निर्धारण तथा समायोजनको सिफारिश गर्न सक्नेछ।

(३) भाडादर निर्धारण/समायोजन गर्दा सेवा सञ्चालक वा सवारीधनीले पालना गर्नुपर्ने थप शर्तहरु समेत समितिले सिफारिस गर्न सक्नेछ।

(४) यस नियमावली बमोजिम भाडा निर्धारण गर्दा यात्रुले निशुल्क रूपमा लैजान पाउने यात्रीगुण्टाको अधिकतम वजन र सो बाहेक भाडा तिरी आफूसँग लैजान पाउने यात्रीगुण्टाको अधिकतम वजन र सो बापत लाग्ने भाडा समेत निर्धारण गर्नु पर्नेछ।

६. **<u>भाडा निर्धारण/समायोजनका प्रक्रिया</u>**: (१) नियम ५ को उपनियम (१) बमोजिमका आधारहरु लिई समितिले मन्त्रालयमा सिफारिस सहितको प्रतिवेदन बुझाउनेछ।

(२) मन्त्रालयले प्राप्त प्रतिवेदनको आधारमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सहमति लिई आवश्यक निर्णय गर्नेछ।

(३) मन्त्रालयको निर्णयानुसार निर्धारण/समायोजन भएको भाडादर सर्वसाधारणको जानकारीका लागि प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

(४) सार्वजनिक यातायात व्यवसायीले मन्त्रालयको निर्णय बमोजिम निर्धारण/समायोजन भएका भाडादर भन्दा बढी रकम लिन पाइने छैन।

७. **<u>यात्री टिकटः</u>** (१) यात्रुवाहक सार्वजनिक यातायातले टिकट जारी नगरी सेवा प्रवाह गर्नु हुँदैन। विद्युतीय माध्यमबाट गरिएको भुक्तानी वा ई-टिकटले समेत टिकटको रूपमा मान्यता प्राप्त गर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(२) सार्वजनिक यातायात सेवा सञ्चालकले निर्धारित कार्यालय, सेवा काउन्टर, आधिकारिक वेबसाइट वा आधिकारिक भुक्तानी सेवा प्रदायकको मोबाइल एप वा वेब पोर्टलबाट समेत टिकट बिक्री गर्न सक्नेछ।

(३) मध्यम तथा लामो दुरीका यात्रीवाहक सार्वजनिक यातायात सेवा सञ्चालकले यात्रा गर्नुभन्दा कम्तीमा सात दिन अगावै टिकट अनलाइन प्रणाली मार्फत डिस्प्ले गर्नु पर्नेछ।

(४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि दशैं तिहार लगायत अन्य राष्ट्रिय चाडपर्वको समयमा सो समय अगावै वा मन्त्रालयले तोकेको जुनसुकै समयमा टिकट खुला गर्नु पर्नेछ।

(५) मध्यम तथा लामो दुरीका यात्रीवाहक सार्वजनिक यातायात सेवा सञ्चालकले तोकिएको रुटमा सञ्चालन हुने सार्वजनिक यातायात सेवाको कुल सिट सङ्ख्या, बिक्री भएको र बाँकी टिकट सङ्ख्या तथा भाडादर समेत सेवाग्राहीले हेर्न/ देख्न मिल्ने व्यवस्था मिलाउनु पर्नेछ।

(६) मध्यम तथा लामो दुरीका यात्रीवाहक सार्वजनिक यातायात सेवा सञ्चालकले एक पटक सवारी नम्बर तथा सिट नम्बर तोकी बिक्री भैसकेको टिकट निज यात्रीले रद्द गरेको अवस्थामा बाहेक अन्य यात्रीलाई बिक्री गर्न पाइने छैन।

(७) टिकट जुन यात्रुको नाममा जारी भएको हो सोही यात्रुले मात्र यात्रा गर्नु पर्नेछ। अन्य व्यक्तिले उक्त टिकटबाट यात्रा गर्न गराउन हुँदैन।

(८) यातायात सेवा सञ्चालकले जारी गरेका टिकट तथा यात्रीहरुको अभिलेख दुरुस्त राख्नु पर्नेछ र सम्बन्धित यातायात कार्यालय तथा राज्यका अन्य निकायबाट माग गरेको बखत तुरुन्त उपलब्ध गराउनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(९) यात्री टिकटको ढाँचा अनुसूची- १ मा तोकिए बमोजिम हुनेछ।

८. **<u>टिकट रद्द गर्ने सम्बन्धी व्यवस्थाः</u>** (१) यात्रुले कुनै कारणबश तोकिएको समयमा यात्रा गर्न नसक्ने अवस्थामा टिकट रद्द वा परिवर्तन गर्न सक्नेछ।

(२) टिकट रद्द गर्दा सवारी प्रस्थान गर्ने समय भन्दा चौंबीस घण्टा अगाडि रद्द गरेमा दश प्रतिशत र त्यस पश्चात रद्द गरेमा तेत्तीस प्रतिशतसम्म कटाएर यात्रीले जुन माध्यमबाट टिकट खरिद गरेको हो सोही माध्यमबाट बाँकी रकम टिकट रद्द गरेको चौंबीस घण्टाभित्र सार्वजनिक यातायात सेवा सञ्चालकले फिर्ता गर्नु पर्नेछ।

(३) यस नियमावली बमोजिम अनलाइन माध्यमबाट टिकट खरिद हुने व्यवस्था भएकोमा उपनियम (२) बमोजिम टिकट रद्द हुने व्यवस्थाको समेत सुनिश्चितता गर्नु पर्नेछ। सो बमोजिम गर्न वा हुन नसकेमा सम्बन्धित अनलाइन सेवा प्रदायक जवाफदेही हुनु पर्नेछ।

(४) सवारी साधन नम्बर, प्रस्थान हुने समय आदि विवरण परिवर्तन हुने अवस्था आएमा यात्रुलाई सो को जानकारी अनलाइन विधिबाटै वा अन्य प्रभावकारी तरिकाबाट अविलम्ब गराउनु पर्नेछ।

(५) काबु बाहिर बाहेक अन्य परिस्थितिमा जारी भैसकेको टिकट बमोजिमको सेवा सम्बन्धित सेवा सञ्चालकले सेवा प्रवाह गर्न असमर्थ भएमा वैकल्पिक व्यवस्थाद्वारा सेवा प्रवाहको प्रबन्ध गर्नु पर्नेछ।

९. **<u>विद्युतीय टिकट बिक्री तथा भाडा भुक्तानीः</u>** (१) सार्वजनिक यातायात सेवा सञ्चालकले विद्युतीय माध्यमबाट नगद रहित भाडा भुक्तानी हुने गरी अनलाइन टिकट बिक्री सेवा सञ्चालन गर्नु पर्नेछ।

(२) मध्यम तथा लामो दुरीका यात्रीवाहक सार्वजनिक यातायात सेवा सञ्चालकले अनलाइन टिकटका लागि आवश्यक प्रणालीको व्यवस्था गर्नु पर्नेछ।

(३) अनलाइन टिकटिङ्ग व्यवस्था प्रणालीहरुबीच एकरूपताको लागि मन्त्रालयले निर्देशन दिन सक्नेछ साथै मन्त्रालयबाट तयार गरी सञ्चालन गरेको प्रणालीसँग समेत आबद्ध गर्न सक्नेछ।

(४) यात्रीका लागि निर्धारित सिटहरुको सङ्ख्या, बिक्री भए नभएको तथा भाडादर खुल्ने गरी सिट प्लान अनुसारको यात्री चलान बनाई सो को विवरण उपनियम (२) बमोजिमको प्रणालीमा प्रविष्ट गर्नु पर्नेछ।

(५) मध्यम तथा लामो मार्गका यात्रीवाहक सार्वजनिक यातायात सेवा सञ्चालकले आफ्नो विस्तृत विवरण सहित सवारी साधनका सबै सिटहरुलाई अनलाइन प्रणालीमा प्रष्ट देखिने गरी राख्नु पर्नेछ।

१०. <u>विद्युतीय भुक्तानी प्रणाली लागू गर्ने:</u> (१) मन्त्रालयले प्रदेशभित्र सञ्चालन हुने यात्रुवाहक सवारी साधनमा यात्रा गर्ने यात्रुले तिर्नुपर्ने भाडा भुक्तानीको लागि नगद रहित विद्युतीय भुक्तानी प्रणाली लागू गर्नेछ। भुक्तानी सम्बन्धी व्यवस्था अनुसूची- २ बमोजिम हुनेछ।

(२) मन्त्रालयले चरणबद्ध रूपमा स्थान, रुट तथा क्षेत्र विशेषको आधारमा विद्युतीय भुक्तानी प्रणाली क्रमशः लागू गर्न सक्नेछ। छोटोमार्गमा सञ्चालन हुने यात्रीवाहक सार्वजनिक सवारीको हकमा तत्कालै र मध्यम तथा लामो मार्गमा सञ्चालन हुने यात्रीवाहक सार्वजनिक सवारीको हकमा क्रमशः यो प्रणाली सूचना प्रदेश राजपत्रमा प्रकाशन गरी लागू गर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(३) उपनियम (१) बमोजिमको प्रणाली सञ्चालनको लागि एकरूपता कायम गर्न मन्त्रालयले अनुसूची- ३ बमोजिमको पन्ध्र दिनको सार्वजनिक सूचना जारी गरी सेवाप्रदायक छनोट गर्न सक्नेछ।

(४) उपनियम (३) बमोजिम सूचना प्रकाशन भए पश्चात् सेवा प्रदायकले अनुसूची- ४ बमोजिमको ढाँचामा तोकिएको म्यादभित्र आवेदन दिनु पर्नेछ।

(५) उपनियम (३) बमोजिम सेवाप्रदायक छनोट गर्दा अनुसूची- ५ को आधारमा मूल्याङ्कन गरी छनोट गरिनेछ।

(६) उपनियम (१) बमोजिमको प्रणाली लागू गर्दा सवारीमा जडान गर्नुपर्ने उपकरणहरु जडान गर्दा लाग्ने खर्च सवारीधनीबाट व्यवस्थापन गर्नु पर्नेछ।

(७) यस प्रणालीमा भाडा भुक्तानीका लागि प्रत्येक यात्रुसँग छुट्टाछुट्टै कार्ड हुनेछ। त्यस्तो कार्ड बापतको खर्च सम्बन्धित यात्रुलेनै बेहोर्नु पर्नेछ।

(८) उपनियम (५) बमोजिम छनोट भएको सेवा प्रदायकले दिएको सञ्चालन सेवा बापत तिर्नुपर्ने सेवा शुल्क यात्रुले तिर्ने भाडाबाटै कट्टा गरी बाँकी भाडा मात्र सवारी धनीले पाउने गरी व्यवस्था गरिनेछ।

(९) नगदरहित यस विद्युतीय भुक्तानी प्रणालीमार्फत ट्याक्सीहरुमा हुने भुक्तानीलाई समेत साविक मिटरबाट भुक्तानी भएसरह मानिनेछ।

(१०) विद्युतीय भुक्तानी प्रणाली लागू भए पश्चात् सम्पूर्ण यात्रीवाहक सवारी साधनहरुले अनिवार्यरूपमा प्रणालीमा आवद्ध भई यातायात सेवा सञ्चालन गर्नु पर्नेछ यस प्रणाली बाहेक अरु तवरबाट भाडा असुल उपर गर्न पाइने छैन।

(११) मन्त्रालयले लागू गर्ने विद्युतीय भुक्तानी प्रणालीको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ। यस नियमावली बमोजिम विद्युतीय भुक्तानी प्रणालीको पालना भए नभएको सम्बन्धमा मन्त्रालयले, कार्यालयहरुले वा मन्त्रालयले अनुगमन टोली गठन गरी अनुगमन गर्न सक्नेछ। नियमको पालना नभएको खण्डमा प्रचलित कानून बमोजिम जरिबाना लाग्नेछ।

११. **<u>आरक्षण सम्बन्धी व्यवस्थाः</u>** अनलाइन तथा विद्युतीय भुक्तानी प्रणाली विकास तथा कार्यान्वयन गर्दा प्रचलित कानून बमोजिम विशेषवर्गको लागि छुटको प्रावधान र आरक्षण गरिएका सिटहरु सम्बन्धित लक्षित वर्गले पाउने गरी सुनिश्चित गर्नु पर्नेछ।

१२. **<u>मालवाहक सवारी साधनको बील सम्बन्धी व्यवस्थाः</u>** (१) मालवाहक सार्वजनिक सवारीले अनुसूची- ६ बमोजिमको ढाँचा अनुसारको बिल जारी गरेर मात्र सेवा प्रवाह गर्नु पर्नेछ।

(२) मालवाहक सार्वजनिक सवारी सञ्चालन गर्ने सेवा सञ्चालकले दस हजार रूपैयाँ भन्दा बढीको रकम नगदमा कारोबार गरी सेवा प्रदान गर्न पाइने छैन।

१३. **<u>सरोकारवालाहरुको काम, कर्तव्य र भूमिकाः</u>** मन्त्रालयले लागू गरेको विद्युतीय भुक्तानी प्रणालीको कार्यान्वयन गर्न सरोकारवालाहरुको काम, कर्तव्य र भूमिका अनुसूची- ७ बमोजिम हुनेछ।

१४. **<u>कारबाही गरिनेः</u>** यस नियमावली बमोजिम यातायात सेवा सञ्चालकले लिन पाउने भन्दा बढी भाडा लिएमा वा दिनु पर्ने सुविधा नदिएमा वा सोको दुरूपयोग गरेमा प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

## अनुसुची- १

(नियम ७ को उपनियम (९) सँग सम्बन्धित)

**<u>यात्रीवाहक सार्वजनिक सवारीले जारी गर्ने टिकटको ढाँचा</u>**

यातायात सेवा सञ्चालन गर्ने कम्पनी/फर्म

ठेगाना र सम्पर्क नं.

कम्पनी फर्म/दर्ता नं.

पान/भ्याट नं.......................

टिकट नं......

यात्रीको नाम, थरः

यात्रीको ठेगाना : यात्रीको सम्पर्क नं.

प्रस्थान स्थानः गन्तब्य स्थानः

प्रस्थान गर्ने मिति र समयः.. टिकट बुकिङ्ग मितिः

सिट नं. सवारी नं.

भाडा दर

टिकट जारी गर्ने कर्मचारीको

नाम, थरः

दस्तखतः

मितिः

मोबाइल नं.:

आन्तरिक

## अनुसूची- २

(नियम १० को उपनियम (१) सँग सम्बन्धित)

## नगद रहित विद्युतीय भुक्तानी प्रणाली (क्यासलेस ईलोक्ट्रोनिक पेमेन्ट सिष्टम)

सार्वजनिक यातायात सेवामा जी. पी. एस. (जियोग्राफिक पोजिसनिङ सिष्टम) प्रणाली जडान गरी जी. पी. एस. सिष्टमबाट उपभोक्तासँग भएको मेटल चिप्स युक्त ट्राभल कार्डलाई कम्प्युटर सफ्टवेर डिभाईसमा स्वाप वा टच गरिसके पश्चात उपभोक्ताको सेवाको शुरु विन्दु र अन्तिम विन्दु बीचको दुरी र सो दुरीमा लाग्ने निर्धारित भए बमोजिमको भाडाको रकम (शुरु विन्दु र अन्तिम विन्दुको नाम उक्त स्टेशनहरुको लागि तय गरिएको भाडादरको आधारमा ट्याप ईन र ट्याप आउट स्थानको आधारमा) सिस्टमले नै गणना (क्याल्कुलेट) गरी कार्ड (प्रिपेड कार्ड) मा भएको रकमबाट स्वतः घट्दै जाने र उक्त प्रिपेड युक्त कार्डलाई पुनः रिचार्ज गर्न सकिने पद्धति विकास गरी प्रविधियुक्त सार्वजनिक यातायात सेवा हुनेछ।

अथवा

प्रणालीमा जडान भएको मेसिनको सहायताले यात्रुहरुसँग रहेको कार्डको माध्यमवाट भाडा भुक्तानी लिई यात्रुहरुलाई विद्युतीय टिकट उपलब्ध गराउछ। प्रणालीमा मौजुदा रुटहरु, स्टपहरु, एक स्टपदेखि अर्को स्टपसम्मको दुरी (कि.मि. मा) र सरकारवाट तोकिएको न्यूनतम र प्रति कि.मि. भाडादर आदि स्टोर गरिएको हुन्छ। यसैको आधारमा यात्रु कुन स्टपमा चढेको र कुन स्टपमा ओर्लिएको हो सो को दुरी गणना गरी भाडा गणना गरी सोही बमोजिमको भाडा कट्टा हुने गर्दछ। यो प्रणाली अफलाइनमा काम गर्ने र जतिवेला नेटवर्क कनेक्सन प्राप्त हुन्छ त्यतिवेला जडित उपकरणको सहायताले मेसिनमा रहेको डाटा सर्भरमा ट्रान्सफर हुने गरी

अटोमेटिक फेयर कलेक्सन सिष्टम (ए.एफ.सी.) को अवधारणामा सञ्चालन हुन्छ।

जसले विद्युतीय भुक्तानी प्रणालीको अबलम्वन गरी नगद कारोबार बन्द हुनुको साथै नगदरहित (क्यासलेस) प्रणाली अबलम्बन गर्दछ।

सार्वजनिक यातायात सेवामा तल उल्लेखित मुख्य डिभाइसहरु जडान गर्नुपर्नेछ।

१. **<u>जी. पी. एस. उपकरण (जियोग्राफिख पोजिसनिङ सिष्टम डिभाईस):</u>** जि. पि. एस. उपकरणले सेवाको शुरु र अन्तिम विन्दु विचको दुरी गणना (क्याल्कुलेट) गर्दछ। यो डिभाइसमा प्रचलित उपयुक्त सिमको प्रयोग गर्नु पर्नेछ। जसले प्रणाली सञ्चालनमा हुने सर्भर समस्याको समाधान गर्दै सर्भर नभएको अवस्थामा वा अफलाइन हुँदा पनि यो जी. पी. एस. सिस्टमले काम गरी रहने हुनु पर्दछ। यस प्रणालीले दूर सञ्चार नेटवर्क नहुने स्थानमा पनि अफलाइनबाट कार्य गर्न सक्ने हुनु पर्दछ।

२. **<u>सवारी साधनमा जडान गरिने उपकरण (डिभाईस):</u>** सवारी साधनमा जडान गरिने उपकरणले सेवाग्राहीले दिएको इनपुट र आउटपुट (शुरु र अन्तिम विन्दु) लाई जी. पी. एस. सँग कनेक्टेड गर्ने र जी. पी. एस. ले क्याल्कुलेट गरेको दुरीलाई निर्धारित भाडा दरसँग मूल्य समायोजन गर्ने र समायोजित मूल्यलाई प्रिपेड कार्डबाट असुल गर्न र केन्द्रीय एकाउन्टमा हिसाव पठाउने व्यवस्था भएको हुनु पर्नेछ। यो डिभाइसले सार्वजनिक यातायातका सूचनालाई अठचालीस घण्टासम्म सञ्चित गर्नसक्ने र सञ्चित भएका डाटालाई सर्भर कनेक्ट हुनासाथ केन्द्रीय एकाउन्टमा सूचना पठाउन सक्ने हुनु पर्दछ। उक्त डिभाइसले छोटो समयमा पर्याप्त कार्ड रिड गर्न सक्ने हुनु पर्नेछ। प्रत्येक यात्रुसँग भएको कार्ड देखाएर, छिराएर वा छुवाएर भाडा भुक्तानी हुने व्यवस्था मिलाउनु पर्दछ। त्यस्ता कार्ड शुरु प्रयोग गरेको मितिले एक महिनाभित्र व्यक्तिगत डाटा मोवाइल मार्फत पठाउनु सक्ने तथा एक महिनाभित्र व्यक्तिगत

विवरण नपठाएमा उक्त कार्ड डाटा नपठाएसम्म निलम्बन रहने व्यवस्था मिलाउनु पर्नेछ।

३. **<u>सि. सि क्यामराः</u>** सार्वजनिक यातायातभित्र सामाजिक सदाचार कायम गर्न र क्यास कारोबारलाई बन्द गर्न सि. सि. क्यामरा मार्फत अनुगमन गर्न सक्ने हुनु पर्दछ। क्यास लिएको पाइएमा तुरुन्त कारबाही समेत गर्न सकिने तथा चालक, सहचालक र यात्रुहरुको समेत व्यवहार अनुगमन गर्न सकिने व्यवस्था मिलाइनेछ। यस क्यामराको सहायताले प्रणालीबाटै समग्रतामा अनुगमन गर्ने तथा कुनै घटनाहरुको अनुसन्धान गर्न सक्ने समेत हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

## अनुसूची- ३

(नियम १० को उपनियम (३) सँग सम्बन्धित)

**सेवा प्रदायकलाई विद्युतीय भुक्तानी प्रणाली सञ्चालनका लागि दरखास्त पेश गर्न आव्हान गर्ने सम्बन्धी सूचनाको ढाँचा**

बागमती प्रदेश भर वा प्रदेशभित्रका कुनै क्षेत्र विशेषमा यात्रीवाहक सार्वजनिक सवारी साधनमा नगदरहित विद्युतीय भुक्तानी प्रणाली जडान गरी भाडा संकलन सम्बन्धी कार्यको शुरुवात गर्न लागिएकोले इच्छुक सेवा प्रदायकले यो सूचना प्रकाशन भएको मितिले पन्ध्र दिनभित्र प्रदेश भाडा निर्धारण/समायोजन तथा विद्युतीय माध्यमबाट भाडा भुक्तानी नियमावली, २०७८ को अनुसूची- ५ बमोजिमको ढाँचामा आवश्यक कागजातसहित निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

## अनुसुची- ४

(नियम १० को उपनियम (४) सँग सम्बन्धित)

**<u>सेवा प्रदायकले पेश गर्ने दरखास्त फारामको ढाँचा</u>**

मितिः २०७.../.../...

श्री भौतिक पूर्वाधार विकास मन्त्रालय,
बागमती प्रदेश, हेटौंडा, मकवानपुर।

**विषयः दरखास्त फाराम पेश गरेको सम्बन्धमा।**

प्रस्तुत विषयमा तहाँ मन्त्रालयबाट मिति .................. को ................ दैनिकमा प्रकाशित सूचना अनुसारको बागमती प्रदेशभित्र सञ्चालन हुने सार्वजनिक सवारीमा नगद रहित विद्युतीय भुक्तानी प्रणाली मार्फत् सार्वजनिक सवारीको भाडा भुक्तानी गर्ने सम्बन्धी कार्यको लागि आवश्यक कागजात सहित तोकिए बमोजिमको दरखास्त फाराम भरी पेश गरेको छु।

१. सेवाप्रदायक/प्रणाली तथा उपकरण निर्माणकर्ता (सिष्टम डेभलोपर) को विवरण तथा अनुभवको बारेमा खुलाउने

(क) सेवाप्रदायकको विवरणः

(१) कम्पनी दर्ता सम्बन्धि कानूनी कागजात र यस सम्बन्धी विवरणः नाम, ठेगाना, पत्राचार गर्ने ठेगाना, मुख्य व्यक्तिको नाम, सम्पर्क नं., संस्था वा फर्म दर्ताको प्रमाणपत्र, नवीकरण गरेको विवरण, मूल्य अभिवृद्धि कर वा स्थायी लेखा नम्बर दर्ताको प्रमाणपत्र, कर चुक्ताको प्रमाणपत्र आदि।

(२) प्रणाली तथा उपकरण निर्माणकर्ता (सिष्टम डेभलोपर) बाट सो प्रणाली सञ्चालन गर्न दिईएको अधिकार पत्र (अथराईजेशन लेटर) सम्बन्धी विवरण।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(ख) प्रणाली तथा उपकरण निर्माणकर्ता (सिष्टम डेभलोपर) को विवरणः

(१) उत्पादक कम्पनीको नाम।

(२) उपकरणको नाम।

(३) उपकरणको मोडेल (भएमा)।

(४) टेक्निकल फिचर अफ दी सिष्टम।

(५) प्रणाली लागू भएको कार्य अनुभव, देश, सेवाको दायरा, प्रविधि, शुरु गरिएको, हालको अवस्था, सफलता (प्रणाली सफलता पूर्वक सञ्चालन गरेको अनुभवको प्रमाण सहित पेश गर्ने) वा सेवा सञ्चालनको सेटिष्टफ्याक्ट्री परफरमेन्स सर्टिफिकेट (एस.पी.सी.) र अन्य कार्य अनुभव।

(६) प्रविधि पार्टनरको प्राविधिक क्षमता तथा अनुभव।

२. सेवाप्रदायकको वित्तीय अवस्था सम्बन्धमाः

(क) लगानी गर्ने कम्पनी वित्तीय क्षमता र लगानी र सेवा प्रदान गर्ने सम्बन्धी सुनिश्चितता खुलाउने।

(ख) कम्पनी आफैंले लगानी गर्ने भएमाः-

(१) कम्पनीको चालु पुँजी,

(२) कम्पनीको वित्तीय क्षमता खुल्ने कागजातहरु।

(ग) लगानी सम्बन्धी ग्यारेन्टी पत्रः-

(१) ग्यारेन्टी गर्ने वित्तीय संस्थाको नाम,

(२) ग्यारेन्टी अवधि मान्य रहेको मिति खुल्ने पत्र।

(घ) वित्तीय संस्थाबाटै लगानी हुने भएमा सो को लगानी सुनिश्चितता पत्र।

(ङ) अन्य केही भए खुलाउने।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

३. नेटवर्क, जी.पी.एस. सिष्टम डिभाईस को ईन्टरनल स्टोरेज, अन्य क्षमता सम्बन्धमा।

४. समग्र प्रणालीमा प्रयोग हुने उपकरण तथा कार्ड जस्तैः सवारी साधनमा राख्ने डिभाईस, जि. पि. एस प्रणाली, सि. सि. क्यामरा, मेसिनको स्टोर गर्नसक्ने क्षमता (स्टोरेज), समग्र प्रणालीको उपयुक्तता तथा दिगोपन (फिजिकल रोवष्टनेस), प्रणालीको छरितोपन, समग्र प्रणालीको आर्किटेक्ट (सिष्टम आर्किटेक्ट) तथा प्रणालीको प्राविधिक पक्षको बारेमा र त्यसको वैकल्पिक व्यवस्था सम्बन्धमा।

५. प्रणालीले व्यक्ति पहिचान (परसनल आईडेन्टीफिकेसन सिष्टम) सम्बन्धमाः- सेवाग्राहीहरुको देखिने विवरण, पहिचान, सहजता, नेपाली भाषामा प्रयोग गर्न सकिने वा नसकिने, डाटा सुरक्षा, प्रहरी तथा अनुगमनकारी निकायले प्राप्त गर्ने सक्ने विवरण, डाटावेस, अनुगमन मूल्याङ्कन सम्बन्धमा खुलाउने।

६. सेवाग्राहीमैत्री प्रविधि सम्बन्धमाः प्रस्तावित प्रविधि तथा कार्ड प्रयोगको सहजता (प्रयोगकर्ताको सजिलोपन), विविधता (अन्य क्षेत्रमा समेत प्रयोग हुन सक्ने) तथा भविष्यमा हुनेसक्ने प्रविधि ईनोभेसन र यसको कारणबाट उत्पन्न हुनेसक्ने विषयहरु (अपग्रेडेसन चार्ज)।

७. अन्य केही भए विस्तृतमा खुलाउनेः

(क)

(ख)

(ग)

(घ)

(ङ)

८. भुक्तानी विधिहरु तथा कार्ड सम्बन्धी विवरणः

(क) कार्ड उत्पादक कम्पनीको नामः

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(ख) कार्डको नामः

(ग) कार्डको मोडल (भएमा):

(घ) टेक्निकल फिचर-स्मार्ट कार्डको विस्तृत विवरण।

९. सेवाग्राहीले कार्डबाट भुक्तानी गर्दा भुक्तानीको तरिका (विस्तृतमा) खुलाउने।

१०. टप अप भएको रकमबाट खर्च हुने/भएको रकम हस्तान्तरण सम्बन्धी विधि तथा टप अप भएको तर खर्च नभएको रकमको सुरक्षा सम्बन्धी व्यवस्था उल्लेख गर्ने।

११. सेवाग्राहीले कार्डबाट भुक्तानी गर्दा ध्यान दिनुपर्ने कुराहरु केही भए।

१२. प्रणालीको लागत तथा सेवाग्राहीलाई लाग्ने चार्जहरु सम्बन्धमा:-

(क) समग्र प्रणालीको लागत, सेवाप्रदायक संस्थाले गर्ने त्यसको व्यवस्थापन सम्बन्धमा।

(ख) सार्वजनिक सवारीमा जडान हुने डिभाइसको लागत सम्बन्धमाः सार्वजनिक सवारीका सञ्चालकलाई डिभाइस जडान तथा सञ्चालनको लागत पर्ने वा नपर्ने।

(ग) कार्ड उपभोग गर्ने सेवाग्राहीलाई कार्ड खरिद गर्न तथा प्रयोगमा ल्याउन लागत लाग्ने/नलाग्ने।

(घ) सेवाप्रदायकले उक्त सेवा प्रदान गरे बापत लिने सेवा शुल्क विधि।

१३. सञ्चालन, मर्मत संभार तथा प्राविधिक सहयोगः प्रणालीको दिगोपनाको सन्दर्भमा सुनिश्चितता तथा आधारहरु, सञ्चालन तथा संभार योजना, स्पेयर पार्टस्, आवश्यक जनशक्ति र उपलब्ध गराउने प्राविधिक जनशक्ति, प्रविधि प्रयोग सम्बन्धमा आवश्यक तालिम कार्यक्रम, कम्पनीले स्थापना गर्ने कार्यालयहरु तथा यसको कार्यक्षेत्र सम्बन्धमा विवरणहरु खुलाउने।

१४. स्वीकृति तथा सञ्चालन अनुमति सम्बन्धमाः यस्तो प्रकृतिको कारोबारको लागि नियमनकारी निकाय (नेपाल राष्ट्र बैंक, कारोबार

आन्तरिक मामिला तथा कानून मन्त्रालय

गर्न आधिकारप्राप्त बैंक आदि) बाट के कस्ता स्वीकृति इजाजत, तथा अनुमति प्राप्त गर्नुपर्ने हो र सो प्राप्त गर्न सक्ने आधारहरुको सम्बन्धमा खुलाउने।

१५. प्रणालीको सुरक्षाका (सिष्टम सेक्युरिटी) सम्बन्धमाः सिष्टम अपेरेसन प्लान र सेक्युरिटी ईसु, उठाएको पैसा सम्बन्धित व्यवसायीको खातामा जम्मा हुने व्यवस्था, ह्याकिङ्ग नहुने, हिनामिना नहुने सुनिश्चितता, सेवाग्राहीको कार्डमा रिचार्ज भएको रकमको सुरक्षा विषयमा प्रकाश पार्ने र आवश्यक कागजातहरु पेश गर्ने।

१६. सेवा जडानको समयतालिका तथा सञ्चालन कार्ययोजनाः सम्झौता पश्चात कति समयमा कति सङ्ख्यामा (बस वा रुटमा) सेवा प्रदान गर्न सकिने हो, चरणवद्ध तालिका (पहिलो चरणका कार्यतालिका), प्रदेशभित्रको पूर्णरूपमा सञ्चालन गर्न लाग्ने सङ्ख्या, कार्यक्षेत्र, समय तथा तालिका आदि सहित हुनेगरी समग्र कार्यतालिका तथा सञ्चालन कार्ययोजना पेश गर्ने।

१७. सेवा प्रदान सम्बन्धी सुनिश्चितताः

(क) सञ्चालनको लागि आवश्यक लागत तथा त्यसको व्यवस्थापन

(ख) सञ्चालन सम्बन्धमा आवश्यक वित्तीय ग्यारेन्टी (परफरमेन्स ग्यारेन्टी) कार्य सम्पादन जमानत, ग्यारेन्टी गर्ने वित्तीय संस्थाको नाम, ग्यारेन्टी अवधि मान्य रहेको मिति खुल्ने पत्र तथा कार्यालयलाई लेखिएको आधिकारिक पत्र (पुनश्चः सञ्चालन सुरक्षा ग्यारेन्टी/सुनिश्चितता नभएको फर्म/कम्पनीलाई समावेश गरिने छैन।)

(ग) उपलब्ध जनशक्ति तथा जडान र सञ्चालनमा सेवा प्रदायकले उपलब्ध गराउने जनशक्ति, आएका समस्याहरुलाई समाधान गराउने विधि, समय सीमा तथा ग्यारन्टी।

(घ) अन्य केही भए खुलाउनेः

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(१) ....

(२) ....

(३) ....

१८. पेटेन्ट राईट, कपि राईट कोसँग रहने, सो सम्बन्धी लाग्ने खर्चहरु तथा निर्वाध प्रयोगमा ल्याउन सक्ने नसक्ने विषयमा उल्लेख गर्नुहोस्।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

## अनुसुची- ५

(नियम १० को उपनियम (५) सँग सम्बन्धित)

**<u>सेवा प्रदायकले पेश गरेको दरखास्त मूल्याङ्कनका आधारहरु</u>**

१. सेवा प्रदायकले प्रविधिक प्रस्ताव र आर्थिक प्रस्ताव छुट्टा-छुट्टै खाममा सिलबन्दी गरी पेश गर्नुपर्नेछ।

२. सेवा प्रदायकले पेश गरेको दरखास्तको प्रविधिक प्रस्ताव मूल्याङ्कनः

(क) समग्र प्रणालीमा प्रयोग हुने उपकरण तथा कार्ड जस्तैः सवारी साधनमा जडान गरिने उपकरण (डिभाईस) जी. पी.एस. प्रणाली, बैकल्पिक व्यवस्था सहितको नेटवर्क, सि. सि. क्यामरा, पि ओ. यस मेसिनको क्षमता (स्टोरेज) को आधारमा, समग्र प्रणालीको उपयुक्तता तथा दिगोपन (फिजिकल रोवुष्टनेस), प्रणालीको छरितोपन, समग्र प्रणालीको आर्किटेक्ट, तथा प्रणालीको प्राविधिक पक्षको आधारमा।

(ख) प्रविधि तथा कार्ड प्रयोगको सहजता (प्रयोगकर्ताको सजिलोपन), विविधता (अन्य क्षेत्रमा समेत प्रयोग हुन सक्ने) तथा प्रविधि ईनोभेसन।

(ग) भाडा भुक्तानी विधि (कार्ड, क्यु आर कोर्ड वा अन्य विधि) र त्यसको उपयुक्तताको आधारमा।

(घ) दिगोपनाको सन्दर्भमा सुनिस्चितता, सञ्चालन, संभार, स्पेयर पार्टस्, प्राविधिक सहयोग, जडान तथा सञ्चालन समयमा उपलब्ध गराउने जनशक्ति, प्रविधि प्रयोग सम्बन्धमा तालिम कार्यक्रम जस्ता आधारमा गरिनेछ।

(ङ) समग्र प्रणालीको लागत, जस्तै डिभाइस जडान तथा सञ्चालनको लागि सवारी धनीलाई लाग्ने लागत, सेवाग्राहीलाई कार्ड खरिद गर्न तथा प्रयोगमा लाग्ने लागतको प्रस्ताव र त्यस्तो विधि तथा प्रविधिको उपयुक्तताको आधारमा।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(च) प्रणाली सञ्चालन गरे बापत सेवाप्रदायकले लिने सेवा सञ्चालन शुल्क (प्रति कारोवार वा एकमुष्ट वा प्रति इकाई दर) तथा कार्ड रिचार्ज शुल्कको प्रस्ताव तथा त्यस्तो विधिको उपयुक्तताको आधारमा।

(छ) प्रणालीको सुरक्षाका आधारहरुः- उठाएको पैसा सम्बन्धित व्यवसायीको खातामा जम्मा हुने, ह्याकिङ्ग नहुने, हिनामिना नहुने सुनिश्चितता, कार्डमा रिचार्ज भएको रकमको सुरक्षाको आधारमा।

(ज) यस्तो प्रकृतिको कारोबारको लागि नियमनकारी निकाय (नेपाल राष्ट्र बैंक, कारोबार गर्न आधिकारप्राप्त बैंक आदि) बाट प्राप्त गर्नुपर्ने स्वीकृति प्राप्त गर्नसक्ने आधारमा।

(झ) लगानी र सेवा प्रदान सम्बन्धी सुनिश्चितताः बैंक ग्यारेन्टी तथा अन्य जमानत पेश गरेको आधारमा।

(ञ) सेवाप्रदायक/प्रणाली तथा उपकरण निर्माणकर्ता (सिष्टम डेभलोपर) को अनुभव-यस्तै किसिमको पर्याप्त कार्यअनुभव तथा पेश भएको प्रणाली सफलतापूर्वक सञ्चालन गरेको अनुभवको प्रमाणको आधारमा मूल्याङ्कन गरिनेछ।

३. सेवा प्रदायकले पेश गरेको आर्थिक प्रस्तावको मूल्याङ्कनः

(क) प्रणाली जडान वा खरिद खर्चः सवारी धनीलाई लाग्ने समग्र प्रणाली (विभिन्न डिभाइस जडान जस्तै डिभाइस, जि. पि. एस, क्यामरा, अटोमेटिक फेयर कलेक्सन सिष्टम (ए.एफ.सी.) आदिको लागि लाग्ने जडान वा खरिद) लागत तथा कुल सवारी सङ्ख्या।

(ख) सेवाग्राहीलाई कार्ड खरिद गर्न लाग्ने लागत तथा कुल कार्ड सङ्ख्या।

(ग) प्रणाली सञ्चालन गरे बापत सेवाप्रदायकले लिने सेवा सञ्चालन शुल्क (प्रति कारोवार वा एकमुष्ट वा प्रति इकाई दर) तथा कार्ड रिचार्ज शुल्कको आधारमा मूल्याङ्कन गरिनेछ।

४. प्राविधिक रूपमा योग्य र आर्थिक प्रस्तावमा न्यून (प्रभावग्राही) सेवाप्रदायको छनोट गरी सेवा सुचारु गरिनेछ।

५. प्राविधिक तथा आर्थिक प्रस्तावमा उल्लेखित विभिन्न आधारहरुको अङ्क तालिका वा भार (वेटेज) मन्त्रालयले स्वीकृत गरे बमोजिम हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

## अनुसुची- ६

(नियम १२ को उपनियम (१) सँग सम्बन्धित)

**मालवाहक सार्वजनिक सवारीले जारी गर्ने बिलको ढाँचा**

यातायात सेवा सञ्चालन गर्ने कम्पनी/फर्म

ठेगाना सम्पर्क नं.

कम्पनी फर्म दर्ता नं.

पान/भ्याट नं.: ......................

टिकट नं.

प्रस्थान स्थानः गन्तब्य स्थानः

प्रस्थान गर्ने मिति र समयः .............................. सवारी नं.

ढुवानी सेवा लिने ग्राहकको विवरणः

ब्यक्ति कम्पनीको नामः

ठेगानाः

सम्पर्क नं.:

ढुवानी हुने सामानको विवरणः

टिकट जारी गर्ने कर्मचारीको

नामः

दस्तखतः

मितिः

मोबाइल नं.:

| क्र.सं. | सामानको नाम | एकाई | सङ्ख्या | परिमाण | प्रति ईकाई भाडा दर | जम्मा भाडा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

## अनुसूची- ७

(नियम १३ सँग सम्बन्धित)

**अनलाइन टिकट खरिद बिक्री प्रणालीका सरोकारवालाहरुको काम, कर्तव्य र भूमिका**

मध्यम तथा लामो दुरीमा सञ्चालित यात्रीवाहक सार्वजनिक यातायात सेवामा अनलाइन टिकट खरिद बिक्री प्रणालीको प्रयोग गर्दा सरोकारवाला पक्षले निम्न अनुसारका प्रावधानहरु पालना गर्नुपर्नेछ।

१. यातायात व्यवसायी/व्यवस्थापक/कम्पनीको भूमिकाः मध्यम तथा लामो दुरीमा सञ्चालित यात्रीवाहक सार्वजनिक यातायात सेवा सञ्चालन गर्ने कम्पनी फर्म र व्यवस्थापकहरुले अनलाइन टिकट बिक्री गर्दा निम्न अनुसारको व्यवस्था गर्नुपर्नेछ।

(क) यात्रीका लागि निर्धारित सिटहरु बिक्री भए नभएको खुल्ने गरी सिट प्लान अनुसारको यात्री चलान बनाई सोको विवरण अनलाइन प्रणालीमा प्रविष्ट गर्नुपर्नेछ।

(ख) मध्यम तथा लामो दुरीका यात्रीवाहक सार्वजनिक यातायात व्यवसायीहरुले प्रयोग गरेको अनलाइन प्रणालीलाई टि. एम. आई. एस.सँग आबद्ध गर्नु पर्नेछ।

(ग) यस मन्त्रालयले तोकेको भाडादर भन्दा अनलाइन टिकट खरिद-बिक्री गरे बापत यात्रुबाट अतिरिक्त शुल्क लिन पाइने छैन।

(घ) यात्रीले जुनसुकै अनलाइन माध्यमबाट टिकट खरिद र सोको भुक्तानी सहज रूपमा गर्न पाउने व्यवस्था गर्नु पर्नेछ।

(ङ) मोबाइल एसएमएस, कोड वा अन्य माध्यमबाट यात्रीले खरिद गरेको टिकटको सुनिश्चितताको प्रत्याभूति गर्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(च) यात्रीको नाम, ठेगाना, लिङ्ग, मोबाइल नम्बर, सवारी साधनको नं, प्रस्थान र गन्तब्य स्थान लगायतका विस्तृत विवरणहरु अनिवार्य रूपमा सफ्टवेरमा प्रविष्ट गर्नु पर्नेछ।

(छ) यात्रा गर्ने दिन भन्दा कम्तीमा ३ दिन अगावै सम्बन्धित सवारी साधनको डिस्प्ले गर्दा सवारी साधनको नम्बर, सिट नम्बर, प्रस्थान स्थल, प्रस्थान समय, सवारीको स्तर, भाडा दर, अन्तिम गन्तब्य स्थल र पुग्ने समय लगायतका आवश्यक विवरणहरु खुलेको हुनु पर्नेछ।

(ज) यो नियमावली जारी हुनुपूर्व अनलाइनबाट टिकट खरिद विक्री गर्ने व्यवसायीहरुले पनि यस नियमावलीमा उल्लेख गरिए बमोजिम गर्नु गराउनु पर्नेछ।

(झ) मन्त्रालयले समय समयमा दिएको निर्देशन पालना गर्नुपर्नेछ।

२. यात्रीवाहक सार्वजनिक यातायात सेवामा कार्यरत कर्मचारी, सवारी चालक र सहचालकको भूमिका मध्यम तथा लामो दुरीका यात्रीवाहक सार्वजनिक यातायात सेवाका कर्मचारी, सवारी चालक तथा सह-चालकहरुले टिकट चेक जाँच गर्ने सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः

(क) यात्रीवाहक सार्वजनिक सवारीको नियमित रूपमा निरीक्षण तथा सरसफाई गर्ने,

(ख) यात्रुको अनलाइन टिकट चेक जाँच गरी यकिन गर्नु पर्ने,

(ग) समय तालिका अनुसार यात्रा शुरु गर्नु पर्ने,

(घ) यात्रीको सिट र टिकट भिडान गरी व्यवस्थापन गर्ने,

(ङ) यात्रीलाई समय-समयमा आवश्यक सूचना दिनु पर्ने,

(च) सार्वजनिक यातायात सेवाको यात्रामा रहदा कर्मचारी, चालक तथा सहचालकले अनिवार्य रूपमा देखिने गरी परिचय-पत्र लगाउनु पर्नेछ

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(छ) नियमानुसार तोकिएका अन्य कार्यहरु गर्ने।

३. यात्रीवाहक सार्वजनिक यातायात सेवामा यात्रीको भूमिकाः मध्यम तथा लामो दुरीका यात्रीवाहक सार्वजनिक यातायात सेवाको प्रयोग गर्दा टिकट खरिद गर्दा अनलाइन टिकट खरिद-बिक्री प्रणाली मार्फत गर्दा देहाय बमोजिम गर्नु पर्नेछ।

(क) यात्रीले मध्यम तथा लामो दुरीमा यात्रा गर्दा अनलाइन वा व्यवसायी, कम्पनी वा फर्मले तोकेको टिकट बिक्री कक्षबाट टिकट खरिद गर्नु पर्नेछ।

(ख) अनलाइन टिकट खरिद गर्दा नाम, ठेगाना, लिङ्ग, मोबाइल नम्बर, प्रस्थान गर्ने स्थान, गन्तव्य स्थान अनिवार्य रूपमा प्रविष्ट गर्नु पर्नेछ।

(ग) यात्रीले टिकट खरिद गर्दा यात्रीवाहक सार्वजनिक यातायात सेवा सञ्चालकले उपलब्ध गराएको टिकटको विवरण सम्बन्धी प्रिन्ट, एस.एम.एस., कोड नम्बर मध्ये कुनै विवरण लिई तोकिएको समयमा तोकिएको स्थानमा पुग्नु पर्नेछ र सम्भव भएसम्म यात्रीले आफ्नो परिचय खुल्ने कागजात साथमा लिई जानु पर्नेछ।

(घ) अनलाइन टिकट जसको नाममा जारी छ सोही यात्रुले मात्र यात्रा गर्नु पर्नेछ। कुनै कारणबस परिवर्तन गर्नुपरेमा यात्रुले त्यसको जानकारी गराउनु पर्नेछ।

(ङ) प्रचलित कानून बमोजिम यात्रीवाहक सार्वजनिक यातायात सेवामा आरक्षण सहुलियत प्राप्त गर्ने यात्रीहरुले यात्रा गर्दा सोको प्रमाण खुल्ने कागजात साथमा लिई यात्रा गर्नु पर्नेछ।

४. मन्त्रालयको भूमिकाः यस नियमावलीको कार्यान्वयन गर्नको लागि मन्त्रालयले देहाय बमोजिमका कार्यहरु गर्नेछ।

(क) मध्यम तथा लामो दुरीका यात्रीवाहक सार्वजनिक यातायात व्यवसायीहरुले प्रयोग गरेको अनलाइन टिकट खरिद बिक्री गर्ने प्रणालीलाई यातायात व्यवस्थापन सूचना प्रणालीमा आवद्ध गर्न सकिनेछ।

(ख) मन्त्रालय वा मन्त्रालयले तोकेको निकायले अनलाइन टिकट खरिद-बिक्री प्रणाली, वस सेवाको समय तालिका, सवारी साधनको क्षमता र यात्रु सङ्ख्याको अनुगमन गर्नेछ।

(ग) अनलाइन टिकट खरिद विक्री प्रणालीमा मध्यम तथा लामो दुरीका यात्रीवाहक सार्वजनिक यातायात सेवा सञ्चालकले प्रविष्ट गरेको विवरण मन्त्रालयले मातहतका निकाय र ट्राफिक प्रहरीलाई उपलब्ध गराउन सक्नेछ।

(घ) उपरोक्त बमोजिमका कार्यहरु गर्दा ट्राफिक प्रहरी, सवारी परीक्षण कार्यालय र यातायात व्यवस्था कार्यालयहरुसँग आवश्यक समन्वय गर्न सकिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय